आज मिति २०८३ साल असोज २८ गते बुधवार बिहान ८:०० बजे मेचीनगर नगरपालिकाका प्रमुख श्री गोपालचन्द्र बुढाथोकीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | : | श्री गोपालचन्द्र बुढाथोकी |
| नगर उपप्रमुख | : | श्री मीना पोखरेल उप्रेती |
| सचिब एबम प्रमुख प्रशासकीय अधिकृत | : | श्री सुवास श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं. १ | : | श्री रामकुमार राई |
| वडा अध्यक्ष वडा नं. २ | : | श्री दीपक बराल |
| वडा अध्यक्ष वडा नं. ३ | : | श्री हर्क बहादुर बस्नेत |
| वडा अध्यक्ष वडा नं. ४ | : | श्री अर्जुन कुमार कार्की |
| वडा अध्यक्ष वडा नं. ५ | : | श्री कनक बहादुर कार्की |
| वडा अध्यक्ष वडा नं. ६ | : | श्री ललित बहादुर तामांग |
| वडा अध्यक्ष वडा नं. ७ | : | श्री प्रलादमणी ओली |
| वडा अध्यक्ष वडा नं. ८ | : | श्री गिरीराज धमला |
| वडा अध्यक्ष वडा नं. ९ | : | श्री कन्चन तामाङ |
| वडा अध्यक्ष वडा नं. १० | : | श्री नारायण खनाल |
| वडा अध्यक्ष वडा नं. ११ | : | श्री रुद्रप्रसाद डागी |
| वडा अध्यक्ष वडा नं. १२ | : | श्री मधुसुदन निरौला |
| वडा अध्यक्ष वडा नं. १३ | : | श्री कृष्ण सिग्देल |
| वडा अध्यक्ष वडा नं. १४ | : | श्री बावुलाल सुब्बा |
| वडा अध्यक्ष वडा नं. १५ | : | श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : | श्री तिलजा देवान |
| कार्यपालिका सदस्य | : | श्री माया प्याकुरेल |
| कार्यपालिका सदस्य | : | श्री अन्जु थापा |
| कार्यपालिका सदस्य | : | श्री चित्र कुमार धिमाल |
| कार्यपालिका सदस्य | : | श्री कविता खनाल मिजार |
| कार्यपालिका सदस्य | : | श्री हृदय राजबंशी |
| कार्यपालिका सदस्य | : | श्री अमित राई |
| कार्यपालिका सदस्य | : | श्री रीता परियार |

**निर्णय नं. १**

मेचीनगर नगरपालिकाको आ.व. २०८२/०८३ को महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन बैठक समक्ष पेश गरी जानकारी गराइयो।

**निर्णय नं. २**

मेचीनगर नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०३/१० को निर्णय नं ४ बाट "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" को दफा ७ को उपदफा (१)इ. बमोजिम मेचीनगर नगरपालिकाको संगठन संरचना र दरबन्दीको संक्षिप्त सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न गठित समितिले तयार गरेको "मेचीनगर नगरपालिका झापाको संगठन तथा व्यवस्थापन संक्षिप्त सर्वेक्षण अध्ययन प्रतिवेदन" यस मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प.सं. २०८४/०८ च.नं. ९७६ मिति २०८३/०५/०९ पत्रसाथ कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालयको "संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मूल्यांकन समिति" मा पेश भएकोमा,

कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालय शासकीय सुधार ईकाई विराटनगरको प.सं. ०८३/०८४ च.नं. शा. सु. ई./५५९ मिति २०८३/०६/०८ पत्रबाट कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालयको "संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मूल्यांकन समिति" को निर्णय सहित पुनरावोलकनका लागि ७ (सात) बुँदामा सुझाव प्राप्त भएको हुँदा,

कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मंत्रीपरिषदको कार्यालयको "संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मूल्यांकन समिति"बाट प्राप्त सुझावलाई समावेश गरी "मेचीनगर नगरपालिका झापाको संगठन तथा व्यवस्थापन संक्षिप्त सर्वेक्षण अध्ययन प्रतिवेदन" तयार भई पेश भएकोमा, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम "संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन" स्वीकृतिका लागि आगामी नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ (क)**

मेचीनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी मेचीनगर नगरपालिकाको विधयेक समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएका निम्न निर्देशिका र कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो :

क. मेचीनगर नगरपालिकाको बैठक, तालिम, गोष्ठी तथा विविध प्रकारका खर्च सम्बन्धी निर्देशिका, २०८३
ख. शैक्षिक पुरस्कार तथा सम्मान कार्यविधि, २०८३
ग. मेचीनगर नगरपालिका बिद्यालय लेखापरीक्षण कार्यविधि, २०८३
घ. चमेना गृह संचालन कार्यविधि, २०८३
ङ. बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८३
च. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मान कार्यविधि, २०८३

**निर्णय नं. ३ (ख)**

सम्बन्धित शाखाबाट पेश भएका निम्न कार्यविधी र निर्देशिकाको मस्यौदा छलफल प्रकियामा लान सैद्यान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो :

क. भवन निर्माण तथा नक्शा पास निर्देशिका, २०८२ ( संशोधनका लागि)
ख. सार्वजनिक सडक, पेटी तथा क्षेत्राधिकार, संरक्षण र अनधिकृत प्रयोग नियन्त्रण कार्यविधि, २०८३
ग. सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि

**निर्णय नं. ४**

मेचीनगर नगरपालिकाको नीजि स्वास्थ्य संस्था दर्ता नवीकरण तथा नियमन सम्बन्धी कार्यविधि २०८१ को दफा ७ र ८को उपदफा (२) संग सम्बन्धितमा व्यवस्था भए बमोजिम दर्ता नवीकरण बापत तपशिल बमोजिम को शुल्क लिने निर्णय गरियो :

| क्र.स. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १. | अस्पताल (१५ शैयासम्म) | प्रति शैय्या रु ३०००.०० | प्रति सैय्या रु १०००.०० |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २ . | स्वास्थ्य क्लिनिक (सेवा प्रकार) | प्रति सेवा रु २०००.०० | प्रति सेवा रु १०००.०० |
| ३ . | आयुर्वेद/बैकल्पिक चिकित्सा अस्पताल | प्रति सेवा २०००.०० | प्रति सेवा १०००.०० |
| ४ . | आयुर्बेद क्लिनिक (सेवा प्रकार) | प्रति सेवा रु २०००.०० | प्रति सेवा १०००.०० |
| ५ . | प्रयोगशाला (सेवा प्रकार) | प्रति सेवा रु २०००.०० | प्रति सेवा रु १०००.०० |

**निर्णय नं. ५**

मेचीनगर नगरपालिका वडा नं. १३ स्थित रहेका जग्गाहरुको बर्गीकरण देहाय अनुसार गर्ने निर्णय गरियो :

क. शहरी क्षेत्र: महेन्द्र राजमार्ग दाँया बाँया १०० मि. उत्तर – दक्षिण तर्फ
नेपाल आयल निगम गेट देखि वडा नं. १२ को सिमानासम्म मेची राजमार्ग दाँया बाँया १०० मि. पूर्व – पश्चिम तर्फ

ख. शहरोन्मुख क्षेत्र : बुँदा (क) बाहेक साविक दुवागढी ३,४ र ५ अन्तर्गत मेचीराजमार्ग दाँया बाँया १०० मि. पूर्व–पश्चिम तर्फ

ग. ग्रामिण क्षेत्र : बुँदा (क) र (ख) बाहेकका अन्य क्षेत्र

साथै नापजाँच, पहिचान र प्रमाणीकरण भई सकेको वडा नं. १३ को फुलवारी टोल अन्तर्गतका जग्गा शहरोन्मुख क्षेत्रमा पर्ने भएको हुँदा सोही अनुसार जग्गादर्ता प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस मेचीनगर नगरपालिका वडा नं. १४ मा स्थापना गर्न प्रस्ताव गरिएको मारुती इन्डस्ट्रिज प्रा. लि. ले मिति २०८३/०६/२० मा यस कार्यालय समक्ष पेस गरेको वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan - EMP) को प्रतिवेदन उपर विस्तृत छलफल गरि प्राबिधिक समितिको मिति २०८३/०६/२६ गतेको बैठकबाट सिफारिस भएकोमा, उक्त वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मेचीनगर नगरपालिका क्षेत्र भित्र निजी जग्गामा रुख बिरुवा लगाई निजी वन दर्ताका लागि मिति २०८३.१३/०६/गते डिभिजन वन कार्यालयबाट सिफारिस भइ आएकोमा मेचीनगर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८३ को दफा ३९ र वन नियमावली २०७९ को नियम ८१ बमोजिम स्थानीय तहले निजी वन दर्ता गर्न सकिने प्रावधान भएको हुदा निम्न जग्गाधनीलाई निजी वन दर्ता गर्ने निर्णय गरियो ।

निम्न:

| क्र.स . | जग्गाधनीको नाम | ठेगाना | कि.न . | ज.वि. | रुखको प्रजाति | रुख संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ख्याम कुमार राई | मेनपा ४ | ८६ | ००-१३-०० | साल | ३३ | |
| | | | | | खामारी | ११ | |
| | | | | | रुद्राक्ष | १७ | |
| | | | | | जम्मा | ६१ | |
| २. | रोजिला आचार्य | मेनपा १ | ७९३ | ००-०४-०० | साल | ०५ | |
| ३. | उमामाया कार्की | मेनपा १ | १९०९ | ०१-११-०० | साल | ११ | |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

निर्णय नं. ८

मेचीनगर नगरपालिकामा विश्व बैंकको अनुदान सहयोगमा महिला बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालित लैंगिक हिंसा रोकथाम तथा एकीकृत सेवा पहुँच परियोजना - IGBVRN अन्तर्गत आ.व. २०८३/०८४ को लागि स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत ढिक्को बजेटहरू निम्नानुसार खण्डिकृत गरी स्वीकृत गर्ने निर्णय गरियो:

Project Implementation Unit – Mechinagar, budget breakdown of 28 Lakhs.

| S.N. | Activity and target groups | Working Modality | Timeline/Quarter | Participants number | Quantity | Purposed Budget Rate (Lakh - NPR) | Remarks |
|---|---|---|---|---|---|---|---|
| | **Component 1: Create functioning GBV institutional response mechanisms at provincial and municipal levels** | | | | | | |
| 1 | Two-day orientation for municipal police and front desk staff (including Darta Chalani staffs) working in Mechinagar Municipality on gender sensitivity, gender-based violence, domestic violence and sensitivity to it, communication skills, and basic knowledge on PFA. | Resource person: Internal, **Target group:** Municipal police and front desk staff (registry, dispatch, etc.) working in Mechinagar Municipality, Prepare the proposal, notes, and correspondence, and conduct the program | 1st quarter – August | 45 | 1 event | 1.15 | **Objective:** 1. To enhance the capacity of municipal police and front desk staff working in Mechinagar Municipality on GBV counselibreak down ng. 2. To enhance capacity on gender-based violence, communication skills, and psychosocial counseling. |
| 2 | Training - safe spaces, GBV case management, and referral, comprehensive - 4 Days Training | **Recourse person:** External, **Target group:** frontline workers, stakeholder, police staffs, - Discussion on the available GBV services at Mechinagar and present the gap and report of Service mapping | 3rd quarter – Feb | 45 | 1 event | 3.5 | **Objective:** To establish safe spaces, deliver comprehensive capacity-building training, and strengthen GBV case management and multi-sectorial referral pathways—including legal and police response—to ensure survivor-centered protection, immediate justice, and holistic care. |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

प्रमाणित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | Nonviolence communication method workshop with Municipality staff - section head or appointed other staff, ward chair person, ward sahib, frontline workers. | **Resource Persons:** External and internal 1 day training **Target group:** Municipality staff, ward chair person, ward sachiv, frontline workers (Police and operator of safe houses). | 3rd quarter - Feb | 60 | 1 evet | 2 | **Objective:** To strengthen participants' knowledge and practical skills in applying nonviolent communication methods to promote respectful, empathetic, non-judgmental and constructive communication and conflict resolution in their interactions with colleagues, service users, and community members. |
| 4 | FCHV capacity building – 2 days - Gender-based violence prevention training (including PFA) | **Resource person:** External/internal **Target group:** FCHV Members of Mechinagar Municipality, Gender-based violence prevention training (including PFA) | 2nd quarter | 90 | 2 event | 3.0 | **Objective:** To enhance the capacity of FCHVs on gender-based violence and encourage GBV survivors to seek safe services. |
| 5 | Capacity building training for factory workers - Female and Male both | **Resource person:** external and internal, **target group:** Female and Male workers | 3rd quarter | 100 | 2 events | 2 | **Objective:** To reduce gender-based violence by enhancing the capacity of women workers employed in various factories and tea gardens. |
| 6 | Capacity building program for members of the Men's Network and GBV Platform on Psychosocial First Aid (PFA), survivor-centered approach, patriarchy, and positive masculinity. | Resource person: internal and external , target group: Men's Network and GBV Platform, 2 days event, Prepare the proposal, notes, and | 1 quarter | 65 | 1 event | 2 | **Objectives:** To enhance the capacity of members of the Men's Network and GBV Platform |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | correspondence, and conduct the program – to be conducted from within the NPR 28 lakh program | | | | | on Psychosocial First Aid (PFA), survivor-centered approach, patriarchy, and positive masculinity. |
| | Component 2 Increase GBV Service provision, access and quality | | | | | | |
| 7 | Local-level institutional capacity and strategic plan development, GRB budget discussion and GBV-related interaction program for section and sub-section heads and ward secretaries of Mechinagar Municipality | Resource person; external and internal, target group; section and sub-section heads and ward secretaries of Mechinagar Municipality, - Concept note preparation, note writing, presentation, and interaction. | 3rd quarter | 60 | 1 event | 1.0 | Objectives: To enhance the capacity of section and sub-section heads and ward secretaries of Mechinagar Municipality on local-level institutional capacity, strategic plan development, and GBV. |
| 8 | Establishment of an online data management system | - | 3rd quarter | - | - | 1.35 | **Objective:** 1. To maintain data on GBV survivors in an organized manner. 2. To build staff capacity to maintain data in an organized manner. |
| 9 | CPSW - Community Based Psychosocial Workers | Facilitation, reporting and referral: Communication and transportation facilities to be provided to the CPSW as per the guidelines. | 2nd to 4th quarter | 15 | ####### | 2 | **Objective:** To enhance the capacity of CPSWs on GBV, child marriage, and psychosocial counseling. |
| 10 | GBV mobile Clinics safety plan development for violence-affected persons | **Resource Person:** external, Data Survey - data collection and safety plan development. | 2nd quarter | - | - | 5 | **Objective:** To conduct risk assessment and develop safety plans for violence-affected persons. |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 11 | Street Drama - Against GBV to spread message to the community level. | This activity will handover to professional actors of Drama - national level team - Process: ToR, notice, concept note, Tippani, find strategic locations to show the drama | 3rd quarter | | 5 events | 5 | **Objective:** To raise awareness on GBV, its causes, forms, impacts, prevention, and available support services, while encouraging community members to challenge harmful social norms and actively contribute to creating a safe, respectful, and violence-free community. |
| | Total | | | | | 28 | |

**निर्णय नं. ९**

चालु आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक नगर विकास योजना र वजेटमा समावेस (संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त) तर्फको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम वडा नं. १० र सो वडा संग सिमा जोडिएको वडा नं. १५ लाई यस आ.व.मा लाभग्राही वडाको रुपमा छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १० (क)**

मेचीनगर नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बजेट शिर्षक "मर्मत सम्बार कोष" बाट निम्न योजनाका निम्नानुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो :

निम्न

| | | |
|---|---|---|
| क. | कालीखोला तटबन्धन, रमाइलो गाउँ, मेनपा – ६ | रु ३२०६४६.७३ |
| ख. | बितर्पैनी मुहान मर्मत, मेनपा – ३ | रु २७११७.९८ |
| ग. | निन्दा पैनी (वडाखाल पश्चिम), मेनपा – ३ | रु १५८१९.३० |
| घ. | नेम्बांग पेट्रोल पम्पबाट उत्तर झापा मार्गसम्म सडक स्तरोन्नति, मेनपा १० | रु ६०३२८३.२८ |
| ङ. | नगर आधारभूत अस्पताल, मेनपा १० भौतिक पूर्वाधार मर्मत तथा निर्माण | रु १००००००.०० |
| च. | दुर्गामंदिर टोल राम प्रसाद निरौलाको घरजाने बाटो मर्मत, मेनपा ११ | रु ५००००.०० |
| छ. | शान्तिटोल दिलिप शिवाकोटी घर पूर्व किरण राईको घरजाने बाटो मर्मत, मेनपा ११ | रु ५००००.०० |
| ज. | मिलडाड़ा पश्चिम देवी पाण्डेको घर जाने बाटो मर्मत, मेनपा ११ | रु ५००००.०० |
| झ. | सुनिल – शम्भु राजबंशीको पश्चिम बाटो मर्मत, मेनपा ११ | रु ५००००.०० |

गोपालचन्द्र बुढाथोकी
नगर प्रमुख

ञ. पुरण तामांगको जग्गा उत्तर वाल/कल्भर्ट मर्मत, मेनपा ९ रु ४००००.००

ट. वडा कार्यालय भवन मर्मत, मेनपा १ (अपुग रकम थप) रु ५००००.००

**निर्णय नं. १० (ख)**

मेचीनगर नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बजेट शिर्षक "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार" बाट निम्न योजनाका निम्नानुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो :

क. नगर कार्यपालिकाको कार्यालय हाता भित्रको मन्दिर रंगरोगन तथा टायल लगाउने कार्य रु ९७६०३.०५

**निर्णय नं. ११**

मेचीनगर नगरपलिकाको आ.व. २०८२/०८३ मा स्वीकृत योजना तथा कार्यक्रम मध्ये सम्पन्न भई भुक्तानी बाँकी रहेको चालु तर्फको ५००६५२८.७४ र पूँजीगत तर्फको रु ७६१२३६२.३६ गरी कुल जम्मा रु रु १२६१८८९१.१० योजना तथा कार्यक्रमको दायित्व रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

आ.व. २०८२/०८३ को सुरक्षित आवास कार्यक्रम अन्तर्गत वडा नं. ३ बाट छनौटको भएका लाभग्राही कमल वि.क. बोलाउने नाम भएको र आधिकारिक नाम ज्ञान बहादुर वि.क. भएको हुँदा, लाभग्राहीको नाम ज्ञान बहादुर वि.क. कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नगरपालिकाबाट बिभिन्न मितिमा भएका बजार अनुगमन गरिएको र अनुगमनको क्रममा कैफियत पूर्ण स्थितिमा देखिएका पसल, व्यवसायलाई गरिएको कसुर सजाय (जरिवाना) का विषय आजको बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. १४**

विभिन्न व्यक्ति तथा संस्थाहरुले विभिन्न मितिमा विषय उल्लेख गरि आर्थिक सहायता/ सहयोग माग गरि निवेदन पेस गरेकोमा, मेचीनगर नगरपालिकाको आ.व. ०८३/०८४ मा स्वीकृत निम्न शिर्षकबाट निम्न अनुसार सहयोग गर्ने निर्णय गरियो ।

| क्र.स. | निवेदक | वडा | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | नकलवन्दा समाज विकास समिति | ५ र ६ | ३००००.०० | धर्मसंस्कृति |
| २. | चारआली जेसिज | १३ | १०००००.०० | सघ सस्था सहयोग |
| ३. | महिला जनचेतना केन्द्र | ६ | २००००.०० | सघ सस्था सहयोग |
| ४. | दुर्गा काली मन्दिर समिति | ९ | ३००००.०० | धर्मसंस्कृति |
| ५. | We Homies | ६ | २५०००.०० | धर्मसंस्कृति |
| ६. | कोइनोनिया दिव्य शान्ति ख्रीष्टियन मण्डली | ६ | ५००००.०० | धर्मसंस्कृति |
| ७. | कृष्ण प्रणामी मन्दिर धुलावारी | १० | ३००००.०० | धर्मसंस्कृति |
| ८. | नेपाल मानव धर्म सेवा समिति, मेची क्षेत्र आश्रम, जोर्सिमल। | | ५००००.०० | धर्मसंस्कृति |

| | | | | |
|---|---|---|---|---|
| ९. | आदिवासी पहान विकास समिति करम पुजा | १५ | २००००.०० | धर्मसंस्कृति |
| १०. | कृष्ण प्रणामी सत्संग सेवा परिसद | ३ | १३०००.०० | धर्मसंस्कृति |
| ११. | Sarswati Cricket Academy | ९ | २००००.०० | खेलकुद |
| १२. | ज्यामिरगढी युवा क्लब | १५ | ५००००.०० | खेलकुद |
| १३ . | थोप्लेविरान युथ क्लब | ९ | ५००००.०० | खेलकुद |
| १४. | निरज खरेल | १० | ३००००.०० | आ.स. |
| १५. | चन्द्रकला अधिकारि | ०७ | २००००.०० | आ.स. |
| १६. | सरोज कार्की | ०३ | २००००.०० | आ.स. |
| १७. | उपासना पौडेल | ११ | २००००.०० | आ.स. |
| १८ | भूमिका घिमिरे | १५ | २००००.०० | आ.स. |
| १७. | समिक्षा देउला | १३ | ३००००.०० | आ.स. |
| १८ | सान्दु समरिया | १३ | २००००.०० | नगर प्रमुखस्तरीय निर्णय अनुमोदन |

**निर्णय नं. १६**

बर्ष २०८३ का नेपालीहरु महत्वपूर्ण चाडपर्वहरु दशैँ, तिहार, छैठ, नेपाल सम्बतको अवसरमा सम्पूर्ण नगरबासीहरुमा सुख समृद्धि सहित मंगलमय शुभकामना व्यक्त गर्ने र सम्पूर्ण चाडपर्वको उल्लासमय अवसरमा प्रचलित कानुनले निषेध गरेका क्रियाकलाप नगर्न, हुन नदिन सवैको सहयोग र सद्भावका लागि अनुरोध गर्ने निर्णय गरियो ।